# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, माघ ११ गते, २०८० साल (संख्या ५०

## भाग ५

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

## सूचना

नेपाल सरकारले मालपोत नियमावली, २०३६ को नियम ४क. को उपनियम (१) को प्रयोजनको लागि जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नाप नक्सा भएको तर दर्ता गर्नसम्म छुट भएका जग्गा दर्ता गर्न चाहने सम्बन्धित जग्गावालाले सम्बन्धित मालपोत कार्यालयमा निवेदन दिने र सो सम्बन्धमा यस अघि नै निवेदन परी फछ्र्यौट हुन

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाँकी रहेका पुराना निवेदन फछ्र्यौट गर्ने म्याद यो सूचना प्रकाशन भएको मितिले दुई वर्ष तोकेकोले यो सूचना प्रकाशन गरिएकको छ।

**आज्ञाले,**
**गोकर्णमणि दुवाडी**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मालपोत कार्यालयले उपनियम (१) बमोजिम जग्गाको लगत अद्यावधिक गरी राख्नु पर्नेछ ।

(३) प्रचलित कानुन बमोजिम कुनै जग्गाको मोही परिवर्तन भएमा सम्बन्धित कार्यालयले त्यसको सूचना मालपोत कार्यालयलाई दिनु पर्नेछ ।

❖४. **नापी नक्सा छुट भएको जग्गा दर्ता गर्ने** : (१) नापी हुँदा नापी नक्सा गर्न छूट भएको जग्गा नापी नक्सा गराई दर्ता गर्न चाहने सम्बन्धित जग्गावालाले त्यस्तो जग्गामा भएको आफ्नो हकभोगको प्रमाणको प्रतिलिपि समेत संलग्न गरी सम्बन्धित मालपोत कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा सो निवेदन मालपोत कार्यालयले नियम ४ख. बमोजिमको समिति समक्ष पेश गर्नेछ र सो समितिले जग्गा नापी नक्सा गरी दर्ता गर्ने सिफारिस गरेमा मालपोत कार्यालयले सो जग्गा नापी नक्सा गराई सम्बन्धित व्यक्तिको नाममा दर्ता गर्न सक्नेछ ।

❖४क. **दर्ता गर्नसम्म छुट हुन गएको जग्गा दर्ता गर्ने** : (१) जग्गा नाप जाँच ऐन, २०१९ बमोजिम नाप नक्सा भएको जग्गा दर्ता गर्न सम्म छुट भएमा त्यस्तो जग्गा दर्ता गर्न चाहने सम्बन्धित जग्गावालाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको म्याद भित्र देहायका कागजात समेत संलग्न गरी सम्बन्धित मालपोत कार्यालयमा निवेदन दिनु पर्नेछ :-

(क) जग्गाको साविक दर्ताको प्रमाण,

(ख) जग्गाको तिरो तिरेको निस्सा वा प्रमाण,

(ग) उपलब्ध भएसम्म भूमि सुधार सम्बन्धी ७ नं. फाराम,

(घ) आवश्यक अन्य प्रमाण ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा मालपोत कार्यालयले सो जग्गाको सम्बन्धमा कसैको दावी भए पैंतीस दिन भित्र उजुर गर्न आउनु भनी सो जग्गा रहेको ठाउँमा वा सबैले देख्ने गरी सार्वजनिक ठाउँमा सूचना टाँस गर्नु पर्नेछ । त्यस्तो सूचना काठमाडौं उपत्यकाको हकमा गोरखापत्रमा र काठमाडौं उपत्यका बाहिरका जिल्लाहरूको हकमा संभव भएसम्म स्थानीय पत्रपत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

---

❖ तेस्रो संशोधनद्वारा संशोधित ।

❖ तेस्रो संशोधनद्वारा संशोधित ।

नेपाल कानून आयोग